# NSWEduChat मा विद्यार्थीको पहुँच

## अभिभावक र हेरचाहकर्ताहरूका लागि जानकारी

**NSWEduChat एक स्वउत्पन्न कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) साधन हो जुन NSW शिक्षा विभाग (NSW Department of Education) को स्वामित्वमा डिजाइन गरिएको हो। यो सुरक्षित, शैक्षिक र गोप्य रहने गरी डिजाइन गरिएको हो।**

### NSWEduChat मा विद्यार्थीको पहुँच

कक्षा 5 देखि कक्षा 12 सम्मका विद्यार्थीहरूले सत्र 4, 2025 मा NSWEduChat मा पहुँच प्राप्त गर्नेछन्।

### NSWEduChat प्रयोग गर्ने विद्यार्थीहरूको सुरक्षा

NSWEduChat डाटा सुरक्षित गरिएको छ। सबै डाटा विभाग भित्र रहन्छ। यसको मतलब विद्यार्थीहरूले आफ्नो काम र व्यक्तिगत पहिचान जानकारी सुरक्षित रूपमा NSWEduChat मा प्रविष्ट गर्न सक्छन् ।

### NSWEduChat को शैक्षिक डिजाइन

NSWEduChat ले केवल प्रश्नहरूको पूर्ण जवाफ मात्र उपलब्ध गर्दैन। यसले विद्यार्थीहरूलाई खुला प्रश्नहरू सोधेर जवाफ दिन्छ। यसले विद्यार्थीहरूलाई आफ्नो विचार र तर्क अन्वेषण गर्न र साझा गर्न प्रोत्साहित गर्दछ। NSWEduChat मा लिखित सामाग्री (text) मात्र प्रयोग हुन्छ। यसको मतलब यसले चित्र, भिडियो वा संगीत जस्ता मिडियाहरू उत्पादन गर्न सक्दैन ।

### गृहकार्य र परीक्षा कार्यहरूमा मद्दतको लागि NSWEduChat प्रयोग

यदि विद्यालयहरूले NSWEduChat लाई गृहकार्य वा परीक्षा कार्यको लागि प्रयोग गर्न सकिने सल्लाह दिन्छन् भने, विद्यार्थीहरूले आफ्ना कार्यहरू पूरा गर्न NSWEduChat प्रयोग गरेका छन् भने आफ्ना शिक्षकहरूलाई सो बारे सूचित गर्नुपर्छ। NSWEduChat को प्रयोग भित्र अध्ययन नोटहरूको सारांश, मुख्य सर्तहरूको परिभाषा वा लेखन संरचना बनाउने लगायतका कार्यहरू समावेश छन्। विद्यालयहरूले विद्यार्थीहरूलाई आफ्ना शिक्षकहरूलाई यथोचित रूपमा सूचित गर्न सक्ने तरिकाहरू सञ्चार गर्नुपर्छ।

### घरमा NSWEduChat मा पहुँच

विद्यार्थीहरूले निम्न माध्यमबाट NSWEduChat घरमा पहुँच गर्न सक्छन्:

- विद्यार्थी पोर्टल https://portal.education.nsw.gov.au/
- सिधै chat.education.nsw.gov.au मार्फत

विद्यार्थीहरूले आफ्नो NSW Department of Education लगइन प्रयोग गरेर लगइन गर्नुपर्नेछ। लगइन गर्ने विद्यार्थीले मात्र NSWEduChat प्रयोग गर्नुपर्छ।

यदि तपाईं यस उपकरणको कुनै पनि पक्षको बारेमा छलफल गर्न चाहनुहुन्छ भने, कृपया प्रधानाध्यापकलाई सम्पर्क गर्नुहोस्।

थप जानकारी र NSWEduChat parental privacy notice (NSWEduChat अभिभावकीय गोपनीयता सूचना) को पहुँचको लागि, यहाँ जानुहोस्: Student use of NSWEduChat

### टेलिफोन दोभाषे सेवा (TIS): 131 450

यदि तपाईंलाई दोभाषे सहायता चाहिन्छ भने TIS लाई फोन गर्नुहोस् र तपाईंलाई कुन भाषा चाहिन्छ र कुन नम्बरमा फोन गर्न चाहनुहुन्छ भन्नुहोस्। सञ्चालकले तपाईंलाई कुराकानी गर्न सहयोग गर्न फोनमा एक दोभाषे उपलब्ध गराउनेछ। तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।